# बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

बेथानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुंखर्क, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३


पत्र संख्याः- ०७८/०७९
चलानी नं.:- ६४६

मितिः- २०७८/१०/१६

**ध्यानाकर्षण सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखा (गरिब पहिचान तथा मापदण्ड शाखा) को मिति २०७८/०९/२१ च.नं. ७९१ को पत्र मार्फत गरिब परिवारको प्रारम्भिक सूची (PDF File) प्राप्त भई मन्त्रालयको ताकेता बमोजिम गुनासो सुनुवाई मार्गदर्शन, २०७८ अनुसार गुनासो सुनुवाई प्रक्रिया अगाडि बढाउन नामावली प्राप्त भए बमोजिम सार्वजनिक गरिएकोमा विभिन्न व्यक्तिहरुबाट सामाजिक सञ्जालमा टिकाटिप्पणी भएकोले यस गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । उक्त मन्त्रालय मार्फत प्राप्त भएको सूचिउपर उजुरी गर्न, निवेदन दिन, नाम थप गर्न, नाम हटाउन र सो उपर छानविन गर्न भनी गुनासो सुनवाई मागदर्शन, २०७८ बमोजिम गुनासो सुनुवाई समिति र वडास्तरीय गुनासो सुनुवाई सहजीकरण समितिको व्यवस्था भएको हुँदा तोकिएको मितिभित्र वडा कार्यालयमा सम्पर्क गर्नुहुन र थप जानकारीका लागि सम्बन्धित मन्त्रालयसँग सम्पर्क गर्नुहुन अनुरोध छ । साथै प्राप्त सूची गरिब परिवार पहिचानका लागि खटिएका सुपरिवेक्षक र गणकले घरधुरीमै गई विगत वर्षमा लिएको तथ्यांकका आधारमा मन्त्रालयले तयार गरेको र उक्त सूची तयार गर्ने क्रममा यस गाउँपालिकाका कुनै जनप्रतिनिधि एवम् कर्मचारीको प्रत्यक्ष अप्रत्यक्ष संलग्नता नरहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७८/१०/१६

...........................
राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत




Scanned by CamScanner